जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक २९ • २०८३ साल आषाढ ४ गते विहीबार (18 June, Thursday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-


## प्रचण्ड र माधवको राजीनामा माग

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालले पार्टी संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक माधवकुमार नेपाललाई मार्गप्रशस्त गर्न आग्रह गर्दै राजीनामा माग गरेका छन् ।

नेता खनालले माओवादी र एकीकृत समाजवादीबीच एकता घोषणा भएको लामो समयसम्म पनि वास्तविक रूपमा एकता हुन नसकेको र गत फागुनमा भएको प्रतिनिधि सभा निर्वाचनमा पार्टीले पराजय बेहोर्नुपरेको उल्लेख गर्दै संयोजक र सहसंयोजकलाई मार्गप्रशस्त गर्न लिखित रूपमा आग्रह गरेका छन् ।

गत कार्तिक १९ गते माओवादी र एकीकृत समाजवादीबीच एकता घोषणा भएको थियो ।पार्टी कार्यकर्ता र जनतालाई अब कसरी अघि बढ्ने भन्ने प्रष्ट मार्गदर्शनसमेत दिन नसकिएको नेता खनालले बुझाएको पत्रमा उल्लेख गरिएको छ ।

उनले नयाँ, योग्य र विचारवान कुनै नेतालाई संयोजक निर्वाचित गर्न कमिटीलाई अधिकार दिन आग्रहसमेत गरेका छन् । अहिलेको कमिटीलाई राष्ट्रिय महाधिवेशन आयोजक कमिटीका रूपमा रूपान्तरण गर्नका लागि माग उनले माग गरे ।

### उद्योग सञ्चालनमा रसी चासो

# जनकपुर चुरोट कारखाना र वीरगञ्ज चिनी कारखाना पुनः खुल्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका ऐतिहासिक औद्योगिक प्रतिष्ठानहरूमध्ये जनकपुर चुरोट कारखाना लिमिटेड र वीरगञ्ज चिनी कारखाना पुनः सञ्चालन हुने भएको छ । रुसी सरकारले जचुकाली र चिनी कारखाना सञ्चालनमा चासो देखाए पछि ती कारखानाहरु पुनः खुल्ने भएको छ ।

काठमाण्डुको लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा बुधबार उपराष्ट्रपति रामसहाय प्रसाद यादव र नेपालका लागि रुसी महासंघका आवासीय राजदूत एलेक्सी भ्लादिमिरोविच सुरोभत्सेभ बीच भएको भेटवार्तामा दुवै उद्योग पुनः सञ्चालन गर्ने विषयमा छलफल भएको जनाइएको छ ।

सो भेटघाटका क्रममा राजदूत सुरोभत्सेभले नेपाल-रुस सम्बन्धलाई अझ सुदृढ बनाउन आफ्नो देश निरन्तर सहयोगका लागि प्रतिबद्ध रहेको बताए । नेपाल सरकारले औपचारिक अनुरोधसहित आवश्यक सूची उपलब्ध गराएमा वीरगञ्ज चिनी कारखाना, जनकपुर चुरोट कारखानालगायत औद्योगिक प्रतिष्ठानलाई पुनः सञ्चालनयोग्य बनाउन रुसी पक्ष तयार रहेको उनले स्पष्ट पारे ।

उनले रुस नेपाललाई जलविद्युत, कृषि, स्वास्थ्य तथा भौतिक पूर्वाधारका क्षेत्रमा समेत सहयोग गर्न इच्छुक रहेको धारणा व्यक्त गरेका छन् ।

उपराष्ट्रपति यादवले सन् १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना भएयता नेपाल र रुसी महासंघबीच मैत्रीपूर्ण तथा सौहार्दपूर्ण सम्बन्ध कायम रहेको उल्लेख गरे । यस वर्ष दुई देशबीच कूटनीतिक सम्बन्धको ७० औं वर्ष पूरा हुन लागेको सन्दर्भमा उनले पारस्परिक सम्मान, समझदारी र मित्रतामा आधारित सम्बन्धलाई नेपालले गर्वका साथ स्मरण गरिरहेको बताए ।






'पछिल्लो समयमा दुई राष्ट्रबीच बढ्दो सांस्कृतिक तथा जनस्तरको आदानप्रदानप्रति नेपालले प्रसन्नता व्यक्त गर्दछ । आगामी दिनहरूमा नेपाल-रुस द्विपक्षीय सम्बन्धमा नयाँ आयाम थपिँदै हाम्रो सम्बन्ध अझ सुदृढ हुने विश्वास लिएको छु,' उपराष्ट्रपति यादवले भने ।

भेटका क्रममा उपराष्ट्रपति यादवले रुसी महासंघको राष्ट्रिय दिवसको अवसरमा मैत्रीपूर्ण रुसी जनताको सुख, शान्ति र समृद्धिका लागि शुभकामना व्यक्त गरेका थिए । दुवै कम्पनी रुस सरकारकै लगानीमा संचालन भएको थियो ।

उनले पछिल्लो समय दुई देशबीच बढ्दो सांस्कृतिक तथा जनस्तरीय आदानप्रदानप्रति खुशी व्यक्त गर्दै आगामी दिनमा नेपाल-रुस सम्बन्धले नयाँ आयाम प्राप्त गर्ने विश्वास व्यक्त गरे । यसका साथै, रुसी महासंघको राष्ट्रिय दिवसका अवसरमा रुसी जनताको सुख, शान्ति र समृद्धिका लागि शुभकामना समेत दिए ।

### जनकपुर चुरोट कारखानाको इतिहास

जनकपुर चुरोट कारखाना लिमिटेड तत्कालीन सोभियत संघ रुस सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा स्थापना गरिएको थियो । देशमा प्रजातन्त्र बहालीपछि कांग्रेस नेता बीपी कोइरालाको अवधारणाअनुसार उद्योग स्थापनाको प्रक्रिया अघि बढाइएको थियो। विसं २०१९ मंसिर ८ गते तत्कालीन उद्योग तथा वाणिज्यमन्त्री वेदानन्द झाले निर्माण कार्यको शिलान्यास गरेका थिए ।

जनकपुरधाम उपमहानगरपालिका-९ मा करिब ३३ बिघा ९ कट्ठा क्षेत्रफलमा फैलिएको यो कारखाना एक समय देशकै प्रमुख औद्योगिक प्रतिष्ठानमध्ये पर्दथ्यो । 'देउराली', 'याक' र 'गैंडा' ब्रान्डका चुरोट उत्पादन गर्ने यस कारखानाले दैनिक करिब दुई अर्ब खिल्ली चुरोट उत्पादन गर्ने क्षमता राख्थ्यो, जुन पछि बढाइएको थियो ।

कारखानामा स्थायी, करार तथा ज्यालादारी गरी करिब २,९०० कर्मचारी कार्यरत थिए । पूर्व-पश्चिम राजमार्ग निर्माणअघि उत्पादनहरू रेलमार्फत भारतको जयनगर-रक्सौल मार्ग हुँदै नेपालका विभिन्न बजारसम्म पुर्‍याइन्थ्यो । पछि आफ्नै कन्टेनरमार्फत देशभर ढुवानी गरिन्थ्यो ।

एक समय नेपाली अर्थतन्त्र र स्थानीय जनजीवनसंग गहिरो सम्बन्ध रहेको यो उद्योग २०६८ चैतदेखि उत्पादन बन्द अवस्थामा पुग्यो । अन्ततः विसं २०७० असार २० गते तत्कालीन मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मी नेतृत्वको सरकारले कर्मचारीलाई अवकाश दिने निर्णय गरेपछि उद्योग पूर्ण रूपमा बन्द भयो ।

### वीरगञ्ज चिनी कारखानाको अवस्था

वीरगञ्ज चिनी कारखाना विसं २०२१ सालमा रुसी सहयोगमा स्थापना गरिएको थियो । दैनिक १,५०० टन उखु पेल्ने क्षमता रहेको यो उद्योग २०६१ सालदेखि बन्द छ ।

सरकारी अध्ययनअनुसार उद्योग पुनः सञ्चालनका लागि केही मेसिनको मर्मत तथा केही नयाँ उपकरण जडान आवश्यक छ । अधिकांश कर्मचारीले स्वेच्छिक अवकाश लिइसकेका भए पनि केही कर्मचारीका मुद्दा अझै अदालतमा विचाराधीन रहेको बताइएको छ ।

सरकारले उद्योग पुनः सञ्चालनअघि कर्मचारी व्यवस्थापनलगायत सबै पक्षलाई ध्यानमा राख्दै निजी क्षेत्रबाट सञ्चालन प्रस्ताव आह्वान गर्ने तयारी गरिरहेको छ । यसअघि निजीकरण ऐन, २०५० अनुसार खारेजीको निर्णय गरिएको यो उद्योग पुनः सञ्चालनमा आए रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

### एल-निनो असर

# मनसुन आगमनमा ढिलाइ, कम वर्षाको सम्भावनाले कृषि क्षेत्रमा चुनौती

**टुडे समाचारदाता**

जनकपुरधाम । सामान्यतया जुन १३ मा नेपाल भित्रिने मनसुन यस वर्ष निर्धारित मिति कटिसक्दा पनि प्रवेश गर्न सकेको छैन । जल तथा मौसम विज्ञान विभागका अनुसार प्रशान्त महासागरमा विकसित मौसमीय प्रणाली, पश्चिमी वायुको प्रभाव तथा एल-निनोको बढ्दो प्रभावका कारण मनसुन आगमन केही दिन ढिलो हुने सम्भावना रहेको छ । विभागका प्रवक्ता विभूति पोखरेलले एल-निनो अझ बलियो बन्दै गएकाले नेपालको मनसुन कमजोर हुन सक्ने र आगमनमा थप ढिलाइ हुन सक्ने बताउनुभयो।



एल-निनोको प्रभावका कारण विगतमा पनि नेपालमा मनसुन ढिलो भित्रिएको उदाहरण छन् । विभागको तथ्याङ्कअनुसार सन् १९७२ मा जुन १८, १९८२ मा जुन २७, १९८३ मा जुन २४, १९९२ मा जुन २१, २००९ मा जुन २३ तथा २०१९ मा जुन २० मा मात्रै मनसुन नेपाल भित्रिएको थियो। विभागले यस वर्षको मनसुनी प्रणालीको निरन्तर अनुगमन गरिरहेको जनाएको छ ।

मनसुन ढिलो हुँदा कृषि क्षेत्रमा प्रत्यक्ष असर पर्ने चिन्ता व्यक्त गरिएको छ । कृषि, वन तथा पर्यावरण मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ लालकुमार श्रेष्ठका अनुसार नेपालमा पर्याप्त सिँचाइ सुविधा नहुँदा अधिकांश किसान आकाशे पानीमा निर्भर छन् । वर्षा ढिलो वा कम हुँदा धान रोपाइँ प्रभावित हुने र उत्पादन घट्न सक्ने जोखिम बढ्छ। बदलिँदो जलवायुका कारण मौसम अनुकूल खेती प्रणाली अपनाउनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो ।

> एल-निनोको प्रभावका कारण विगतमा पनि नेपालमा मनसुन ढिलो भित्रिएको उदाहरण छन् । विभागको तथ्याङ्कअनुसार सन् १९७२ मा जुन १८, १९८२ मा जुन २७, १९८३ मा जुन २४, १९९२ मा जुन २१, २००९ मा जुन २३ तथा २०१९ मा जुन २० मा मात्रै मनसुन नेपाल भित्रिएको थियो। विभागले यस वर्षको मनसुनी प्रणालीको निरन्तर अनुगमन गरिरहेको जनाएको छ ।

विभागले यस वर्ष अधिकांश क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने तथा तापक्रम बढ्ने प्रक्षेपण गरेको छ । कर्णालीका दक्षिणी भूभाग, लुम्बिनीका अधिकांश क्षेत्र, मधेसका पूर्वी भूभाग तथा कोशीका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ । देशका अधिकांश क्षेत्रमा अधिकतम तथा न्यूनतम तापक्रम पनि सरदरभन्दा माथि रहने अनुमान गरिएको छ ।

हावापानी विश्लेषण शाखाका इन्चार्ज सुजन सुवेदीका अनुसार नेपालको वार्षिक वर्षाको करिब ८० प्रतिशत हिस्सा मनसुन अवधिमै हुने भएकाले यो सबैभन्दा संवेदनशील मौसम प्रणाली हो । नेपालमा सामान्यतया जेठ १८ देखि असोज १४ सम्म मनसुन अवधि रहने गर्दछ । विभागले विश्व तथा क्षेत्रीय जलवायु केन्द्रहरूको तथ्याङ्क र अन्तर्राष्ट्रिय जलवायु मोडेलको विश्लेषणका आधारमा ऋतुगत आँकलन तयार गरेको जनाएको छ ।

कम वर्षाको सम्भावनालाई ध्यानमा राख्दै विज्ञहरूले किसानलाई खडेरी सहन सक्ने धानका जात छनोट गर्न सुझाव दिएका छन् । नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) अन्तर्गतको राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रले जारी गरेको कृषि-मौसम सल्लाह बुलेटिनमा सुक्खा धान-१ देखि सुक्खा धान-६ सम्मका जात प्रयोग गर्न सिफारिस गरिएको छ । साथै वर्षाको पानी सङ्कलन, पोखरी तथा जलाशयमा पानी सञ्चित गर्ने, जलवायुमैत्री तथा पानी बचत गर्ने कृषि प्रविधि अपनाउने सुझाव पनि दिइएको छ । सघन धानखेती (एसआरआई), वैकल्पिक भिजाउने-सुकाउने (एडब्लुडी) तथा सुक्खा-हिले छरुवा धान खेतीजस्ता प्रविधिले कम पानीमा पनि उत्पादन कायम राख्न सहयोग पुर्‍याउने उल्लेख गरिएको छ ।


मौसमविद् सुदर्शन हुमागाईंका अनुसार एल-निनो साउदर्न ओस्सिलेसन (इएनएसओ), इन्डियन ओसन डाइपोल (आइओडी), हिमपात तथा अन्तरऋतु परिवर्तनशीलताजस्ता कारकले यस वर्ष मनसुन कमजोर हुन सक्ने संकेत दिएका छन् । हाल इएनएसओ र आइओडी तटस्थ अवस्थामा भए पनि एल-निनोतर्फ उन्मुख अवस्था देखिएको छ ।

विश्व मौसम विज्ञान संगठन (डब्लुएमओ) ले पनि बलियो एल-निनो विकसित हुने सम्भावना रहेको जनाएको छ । यसका कारण विश्वका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम र दक्षिण एसियामा औसतभन्दा कम वर्षा हुन सक्ने अनुमान गरिएको छ । एल-निनो भनेको प्रशान्त महासागरको मध्य तथा पूर्वी भूमध्यरेखीय क्षेत्रमा समुद्री सतहको तापक्रम असामान्य रूपमा बढ्ने प्राकृतिक जलवायु अवस्था हो, जसले वर्षा, तापक्रम र मनसुनी प्रणालीमा व्यापक प्रभाव पार्न सक्छ ।

गत वर्ष नेपालमा मनसुन सरदर मितिभन्दा १५ दिन अगाडि, मे २९ मा भित्रिएको थियो । तर रोपाइँको समयमा पर्याप्त वर्षा नहुँदा विशेषगरी मधेस प्रदेश खडेरीबाट प्रभावित भएको थियो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार खडेरीका कारण धान खेती क्षेत्रफल र उत्पादन दुवै घटेका छन् । चालु आर्थिक वर्षमा धान उत्पादन अघिल्लो वर्षको तुलनामा करिब ४.२ प्रतिशतले घटेर ५७ लाख मेट्रिकटनमा सीमित हुने अनुमान गरिएको छ ।

विज्ञहरूले सम्भावित खडेरी र कम वर्षाको जोखिमलाई ध्यानमा राखी कृषि, जलस्रोत व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरणका लागि समयमै तयारी गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सुनकोशी-मरिण आयोजनामा ढिलासुस्ती

मधेशको कृषि, खानेपानी तथा समग्र आर्थिक विकासका लागि लाइफलाइनको रूपमा रहेको सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना मा देखिएको चरम ढिलासुस्ती र लापरबाहीले नेपालको सार्वजनिक निर्माण प्रणालीका गम्भीर कमजोरीहरूलाई पुनः उजागर गरेको छ। निर्धारित समयभित्र काम सम्पन्न गर्न नसकेपछि सरकारद्वारा ठेक्का रद्द गर्नु, ठेकेदार कम्पनी पटेल-रमण जेभीलाई कालोसूचीमा राख्नु तथा करिब ११ अर्ब रुपैयाँ असुली प्रक्रिया अघि बढाउनु सामान्य प्रशासनिक निर्णय मात्र होइन, सार्वजनिक सम्पत्ति र जनहितको संरक्षणका लागि आवश्यक कदम हो। राष्ट्रिय गौरवका सुनकोशी-मरिण आयोजना सम्पन्न भए मधेशका हजारौं हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार हुने, कृषि उत्पादन वृद्धि हुने तथा उर्जा उत्पादनमार्फत थप आर्थिक लाभ प्राप्त हुने अपेक्षा गरिएको छ। यस्ता महत्वपूर्ण आयोजनामा सम्झौताको ६१ प्रतिशत समय बित्दा पनि केवल १० प्रतिशत भौतिक प्रगति हुनु गम्भीर लापरबाहीको उदाहरण हो। यसले राज्यको बजेट, समय र नागरिकको भरोसा तीनै कुरामा क्षति पुऱ्याएको छ। सरकारले ठेक्का तोडेर अतिरिक्त लागत, निर्माण अवधिमा भएको क्षति र पुनः ठेक्का प्रक्रियाबाट बढ्न गएको खर्चसमेत असुल गर्ने निर्णय गरेको छ। यो कदमले भविष्यका ठेकेदारहरूलाई स्पष्ट सन्देश दिन्छ–सार्वजनिक परियोजनामा गैरजिम्मेवार व्यवहारको मूल्य चुकाउनैपर्छ। सर्वोच्च अदालतले बैंक ग्यारेन्टी तथा जमानत रकम जफत गर्न बाटो खोलिदिनु पनि कानुनी शासन र सार्वजनिक हितको पक्षमा आएको महत्वपूर्ण निर्णय हो। तर यस घटनाको जिम्मेवारी केवल ठेकेदार कम्पनीमाथि मात्र थोपरेर राज्य आफ्नो दायित्वबाट पन्छिन मिल्दैन। प्रश्न उठ्छ–यति कमजोर कार्यसम्पादन गर्ने कम्पनीलाई प्रारम्भिक मूल्यांकनमा कसरी योग्य ठहर गरियो ? निर्माणको गति अत्यन्त सुस्त हुँदा पनि समयमै प्रभावकारी अनुगमन र हस्तक्षेप किन हुन सकेन ? परियोजनाको निगरानी प्रणाली, प्राविधिक मूल्यांकन र ठेक्का व्यवस्थापन प्रक्रियामा रहेका कमजोरीहरूको पनि निष्पक्ष समीक्षा हुन आवश्यक छ। नेपालमा धेरै ठूला आयोजना समय र लागत दुवै हिसाबले लक्ष्यभन्दा धेरै पछाडि पुग्ने समस्या पुरानै हो। यसको मूल कारण कमजोर योजना, अपर्याप्त अनुगमन, राजनीतिक प्रभाव र ठेक्का व्यवस्थापनमा देखिने कमजोरीहरू हुन्। सुनकोशी-मरिण प्रकरणले यी समस्याहरूलाई फेरि एकपटक सतहमा ल्याएको छ। त्यसैले दोषीलाई कारबाही गरी प्रणालीगत सुधार पनि अपरिहार्य छ। सुनकोशी-मरिण आयोजना मधेशका किसानहरूको आशा र देशको विकाससँग जोडिएको परियोजना हो। यसको ढिलाइले केवल निर्माण कार्य रोकिएको छैन, लाखौं नागरिकले अपेक्षा गरेको विकास पनि पछि धकेलिएको छ। त्यसैले अहिलेको कारबाहीलाई प्रतिशोधको रूपमा नभइ सार्वजनिक उत्तरदायित्व स्थापित गर्ने अवसरका रूपमा लिनुपर्छ।

## घरेलु मानवअधिकारका मुद्दा धमाधम अन्तर्राष्ट्रियकरण :

# राष्ट्रिय मानव अधिकार आयोगमाथि बढ्दो अविश्वास र निष्क्रियता



रमेश कुमार बोहोरा

कुनै पनि लोकतान्त्रिक मुलुकमा मानवअधिकार उल्लंघनका घटनामाथि निगरानी राख्ने, पीडितलाई न्यायको ढोका खोल्ने र राज्यलाई संवैधानिक सीमाभित्र राख्ने सबैभन्दा महत्वपूर्ण संस्थामध्ये राष्ट्रिय मानव अधिकार आयोग एक हो । तर नेपालमा पछिल्ला वर्षहरूमा आयोगको भूमिका, प्रभावकारिता, निष्पक्षता र संवैधानिक जिम्मेवारी निर्वाहबारे गम्भीर प्रश्नहरू उठ्न थालेका छन् । अझ पछिल्ला केही महिनामा देखिएका घटनाक्रमले आयोगमाथिको जनविश्वास कमजोर बन्दै गएको संकेत गरेका छन् ।

मानवअधिकारसँग सम्बन्धित विषयहरू राष्ट्रिय संयन्त्रबाट समाधान हुनुको सट्टा अन्तर्राष्ट्रिय मञ्चसम्म पुग्न थालेपछि आयोगको कार्यक्षमता र औचित्यमाथि समेत बहस सुरु भएको छ । जेनजी आन्दोलनसम्बन्धी प्रतिवेदन, ट्रेड युनियन अधिकार विवाद, प्रेस स्वतन्त्रतासम्बन्धी सरकारी निर्णय तथा पत्रकारमाथि भएका आक्रमणका घटनामा आयोगको भूमिका कमजोर देखिएको आरोप लगाइँदै आएको छ ।

मानवअधिकारकर्मीहरू भन्छन्, "आयोगको काम प्रतिवेदन लेखेर दराजमा थन्क्याउनु होइन, राज्यलाई जवाफदेही बनाउनु हो ।" तर आलोचकहरूको बुझाइमा आयोग अहिले त्यही मूल दायित्वबाट क्रमशः टाढिँदै गएको छ।

सबैभन्दा बढी विवाद २०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनसम्बन्धी आयोगको प्रतिवेदनपछि देखियो । आन्दोलनका क्रममा भएको हिंसा, सुरक्षाकर्मीको बल प्रयोग, नागरिकको मृत्यु र सम्पत्तिमा भएको क्षतिका विषयमा आयोगले सरकारलाई प्रतिवेदन बुझाए पनि त्यसको निष्कर्ष र सिफारिसमाथि चौतर्फी प्रश्न उठ्यो ।

प्रतिवेदनले कसलाई दोषी ठहर गऱ्यो, कसलाई उन्मुक्ति दियो, किन स्पष्ट जिम्मेवारी तोकिएन भन्ने प्रश्नहरू सार्वजनिक बहसको विषय बने । आयोगले "थप अनुसन्धान गरियोस्", "कानुनी व्यवस्था गरियोस्", "सम्बन्धित निकायले आवश्यक कारबाही गरोस्" जस्ता अस्पष्ट वाक्यांश प्रयोग गरेको भन्दै आलोचना भयो । मानवअधिकार उल्लंघनका घटनामा जिम्मेवार व्यक्ति वा निकाय किटान गरेर कारबाही सिफारिस गर्नुपर्ने निकाय स्वयं अनिर्णयको अवस्थामा देखिएको आरोप लाग्यो ।

आयोगभित्रै प्रतिवेदन अन्तिम चरणमा संशोधन गरिएको, केही प्रभावशाली व्यक्तिलाई जोगाउने प्रयास भएको र निष्कर्ष कमजोर बनाइएको चर्चा सार्वजनिक भएपछि आयोगको विश्वसनीयतामा थप धक्का पुग्यो । आयोगकी सदस्य लिली थापाले समेत प्रतिवेदनमा त्रुटि रहेको संकेत गरेपछि विवाद अझ चर्कियो ।

यस घटनाले अर्को गम्भीर प्रश्न जन्मायो– प्रतिवेदन सार्वजनिक हुनुअघि नै जेनेभास्थित संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्मा किन यसको चर्चा भयो ? परिषद्का सदस्यहरूले "नेपालको प्रतिवेदन कहाँ छ ?" भनेर प्रश्न गर्नुले नेपालको आन्तरिक विषय अन्तर्राष्ट्रिय चासोको विषय बनिसकेको देखाउँछ ।

राजनीतिक दलहरू पनि आयोगप्रति सन्तुष्ट देखिएका छैनन् । नेकपा एमालेका महासचिव शंकर पोखरेलले प्रतिवेदनलाई "पूर्वाग्रहपूर्ण" र "बदनियतयुक्त" भनेका छन् भने एमाले अध्यक्ष केपी शर्मा ओलीले "घटना गराउनेहरूलाई कारबाही नगरी प्रतिवेदनले के सन्देश दिन खोजेको हो ?" भन्ने प्रश्न सार्वजनिक रूपमा उठाएका छन् ।

मानवअधिकारसम्बन्धी विवाद अन्तर्राष्ट्रियकरण भएको अर्को उदाहरण श्रमिक अधिकारको मुद्दा हो । सरकारले ट्रेड युनियन संरचना खारेज गर्ने निर्णय गरेपछि श्रमिक संगठनहरूले त्यसलाई संविधानविपरीत र अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का मान्यताविपरीत भएको दाबी गरेका छन् ।




नेपालले आईएलओका विभिन्न अभिसन्धिमा हस्ताक्षर गरिसकेको छ, जसले श्रमिकलाई संगठन खोल्ने, सामूहिक सौदाबाजी गर्ने र स्वतन्त्र रूपमा संगठित हुने अधिकार सुनिश्चित गर्छ । यति संवेदनशील विषयमा आयोगले प्रभावकारी पहल नगरेको भन्दै श्रमिक संगठनहरू असन्तुष्ट छन् ।

यही असन्तुष्टिको परिणामस्वरूप संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटीयूसीसी) ले जेनेभामा आयोजित अन्तर्राष्ट्रिय श्रमिक सम्मेलनमा नेपालको विषय उठाउने निर्णय गऱ्यो । सामान्यतया राष्ट्रिय निकायबाट समाधान हुनुपर्ने विवाद अन्तर्राष्ट्रिय श्रम मञ्चसम्म पुग्नु आयोगको प्रभावहीनताको संकेतका रूपमा हेरिएको छ ।

प्रेस स्वतन्त्रताको विषयमा आयोगको मौनता अझ धेरै आलोचित भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २०८२ चैत १८ गते तीन तहका सरकारका सूचना र विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र उपलब्ध गराउने निर्णय गरेपछि नेपाल पत्रकार महासंघले त्यसलाई प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप भन्दै आयोगको ध्यानाकर्षण गराएको थियो ।

महासंघले उक्त निर्णयले अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, स्वतन्त्र पत्रकारिता र सञ्चार क्षेत्रको आर्थिक अस्तित्वमाथि प्रतिकूल असर पार्ने भन्दै आयोगलाई हस्तक्षेप गर्न आग्रह गरेको थियो । तर आयोगले उल्लेखनीय सक्रियता नदेखाएको आरोप छ ।

फलस्वरूप विषय अन्तर्राष्ट्रिय पत्रकार महासंघको पेरिस सम्मेलनसम्म पुग्यो । सम्मेलनले नेपालको प्रेस स्वतन्त्रताबारे विशेष प्रस्ताव पारित गर्दै सरकारलाई निर्णय पुनर्विचार गर्न आग्रह गऱ्यो । नेपालजस्तो लोकतान्त्रिक मुलुकको नाम प्रेस स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय चिन्ताको सूचीमा पर्नु स्वयंमा गम्भीर विषय हो ।

आयोगको निष्क्रियताबारे प्रश्न उठाउनेहरू केवल संगठित क्षेत्र मात्र होइनन् । सामान्य नागरिकका गुनासा पनि उत्तिकै गम्भीर छन् । भूमिहीन, सुकुम्बासी, दलित, महिला, बालबालिका तथा राज्यको पहुँचभन्दा टाढा रहेका समुदायका हजारौं उजुरी आयोगमा पुग्ने गरेका छन् । तर ती उजुरीमध्ये कति पीडितले न्याय पाए, कति सिफारिस कार्यान्वयन भए र कति घटनामा दोषीलाई कारबाही भयो भन्ने विषयमा आयोगले जनविश्वास जगाउने गरी परिणाम दिन सकेको देखिँदैन ।

पत्रकार सुरेश रजकको मृत्युको घटनाले पनि आयोगको भूमिकामाथि प्रश्न उठाएको छ। २०८१ चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको घटनामा फोटो पत्रकार रजकको जलेर मृत्यु भएको थियो । नेपाल पत्रकार महासंघले पटक-पटक निष्पक्ष छानबिनको माग गरे पनि आयोगले अपेक्षित सक्रियता नदेखाएको भन्दै सञ्चार क्षेत्रबाट आलोचना हुँदै आएको छ।

अन्तर्राष्ट्रिय अभ्यास हेर्दा मानवअधिकार आयोगहरू केवल सिफारिस गर्ने संस्था मात्र होइनन्। दक्षिण अफ्रिकाको मानव अधिकार आयोगले राज्य निकायविरुद्ध कठोर प्रतिवेदन सार्वजनिक गर्ने र कार्यान्वयनमा दबाब सिर्जना गर्ने अभ्यास राख्छ । भारतको राष्ट्रिय मानव अधिकार आयोगले हरेक वर्ष हजारौं उजुरीमाथि कारबाही गर्दै सरकारलाई क्षतिपूर्ति र सुधारात्मक कदमका लागि बाध्य बनाउने प्रयास गर्छ । बेलायत, क्यानडा र अष्ट्रेलियाका मानवअधिकार निकायहरूले सार्वजनिक सुनुवाइ, अनुसन्धान र नियमित निगरानीमार्फत राज्यलाई जवाफदेही बनाइरहेका छन् ।

नेपालको संविधानले पनि राष्ट्रिय मानव अधिकार आयोगलाई सामान्य कार्यालयजस्तो भूमिका दिएको छैन । संविधानको धारा २४९ ले आयोगलाई मानवअधिकार उल्लंघनका घटनाको अनुसन्धान गर्ने, दोषीलाई कारबाही सिफारिस गर्ने, मानवअधिकारसँग सम्बन्धित कानुन पुनरावलोकन गर्ने, अन्तर्राष्ट्रिय सन्धिको कार्यान्वयन अनुगमन गर्ने तथा आफ्ना सिफारिस नमान्ने व्यक्ति वा निकायको नाम सार्वजनिक गर्नेसम्मको अधिकार दिएको छ। तर आयोगले यही अधिकार प्रयोग गर्न हिच्किचाइरहेको छ । मानवअधिकार उल्लंघनका विषयमा सिफारिस कार्यान्वयन नगर्ने अधिकारीको नाम सार्वजनिक गर्ने संवैधानिक व्यवस्था हुँदाहुँदै पनि आयोगले त्यसलाई प्रभावकारी रूपमा प्रयोग गरेको देखिँदैन ।

यही कारणले आयोगमाथि "निष्क्रिय", "अनिर्णयग्रस्त", "दबाबमा चल्ने" र "राज्यसँग अत्यधिक नरम" भएको आरोप लाग्न थालेको छ । मानवअधिकारकर्मीहरूको तर्क छ । यदि आयोगले आफ्नो संवैधानिक अधिकार पूर्ण रूपमा प्रयोग गर्ने हो भने धेरै मुद्दा अन्तर्राष्ट्रिय मञ्चसम्म पुग्नुपर्ने अवस्था नै आउँदैन ।

वास्तवमा मानवअधिकारका विषय अन्तर ाष्ट्रियकरण हुनु आफैंमा नकारात्मक कुरा होइन । मानवअधिकार सार्वभौमिक विषय भएकाले अन्तर ाष्ट्रिय समुदायको चासो स्वाभाविक हुन्छ । तर कुनै देशको संवैधानिक निकायले आफ्नो दायित्व पूरा गर्न नसक्दा, पीडितले देशभित्रै न्याय नपाउँदा र राज्यलाई जवाफदेही बनाउन नसक्दा अन्तर्राष्ट्रियकरण बाध्यता बन्नु भने चिन्ताजनक अवस्था हो ।

अहिले आयोगमाथि उठेको मुख्य प्रश्न यही हो । संविधानले दिएको अधिकार प्रयोग गर्न किन सकिरहेको छैन ? किन आयोगका सिफारिसहरू कमजोर देखिन्छन् ? किन पीडितको पक्षमा आयोगको आवाज प्रभावकारी सुनिँदैन ? किन मानवअधिकार उल्लंघनका गम्भीर विषयहरू अन्तर्राष्ट्रिय मञ्चसम्म पुग्न बाध्य भइरहेका छन् ?

यी प्रश्नहरूको जवाफ आयोग स्वयंले दिनुपर्ने अवस्था आएको छ। आयोगले आफ्नो विश्वसनीयता जोगाउन चाहन्छ भने अब प्रतिवेदन लेख्ने मात्र होइन, कार्यान्वयन सुनिश्चित गराउने, मानवअधिकारविरोधी कानुन संशोधनका लागि दबाव सिर्जना गर्ने, अन्तर ाष्ट्रिय सन्धिअनुसार राज्यलाई जवाफदेही बनाउने र आफ्ना सिफारिस अवज्ञा गर्ने निकायलाई सार्वजनिक रूपमा चिनाउने साहस देखाउनुपर्छ ।

अन्यथा मानवअधिकारका घरेलु मुद्दाहरू एकपछि अर्को गर्दै अन्तर्राष्ट्रिय मञ्चमा पुग्ने क्रम रोकिने छैन । त्यससँगै राष्ट्रिय मानव अधिकार आयोगमाथिको जनविश्वास पनि क्रमशः क्षयीकरण हुँदै जानेछ । आयोगको औचित्य र प्रभावकारिता जोगाउने जिम्मेवारी अब आयोगकै काँधमा छ ।

(लेखकः- बोहोरा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

# प्रदेशभरिका बिरामीको भरोसा बन्दै रत्ननगर अस्पताल

**रमेश गिरी**

बागमती प्रदेशअन्तर्गत चितवनको रत्ननगर नगरपालिका-२ स्थित टाँडी बजारको उत्तरतर्फ अवस्थित बकुलहर रत्ननगर अस्पताल यतिखेर स्थानीयवासीका लागि मात्रै नभई मध्यम र निम्न वर्गका माझी समुदायदेखि राउटे बस्तीका बिरामीसमेतका लागि स्वास्थ्य उपचारमा बरदान बनेको छ।

पूर्वपश्चिम राजमार्गबाट करिब ५० मिटरको दूरीमा पूर्वी चितवनको टाँडी बजारमा स्थानीयको मन र विश्वास जित्दै अगाडि बढिरहेको अस्पताल हो बकुलहर रत्ननगर अस्पताल। भरतपुरबाट ११ किमी दूरीमा रहेको यस अस्पताल पूर्वी चितवनको एकमात्र प्रदेशअन्तर्गतको जिल्ला अस्पताल हो। विसं २०२४ मा बकुलहर स्वास्थ्यचौकीको नाममा स्थापना गरिएको स्वास्थ्यचौकीलाई नेपाल सरकारले २०६५ सालमा सेवा विस्तार गरी १५ शय्याको जिल्ला अस्पतालका रूपमा सञ्चालनमा ल्याएको थियो।

देशमा सङ्घीयता कार्यान्वयनसँगै २०७७ मङ्सिर १८ को नेपाल सरकारको निर्णयअनुसार यस अस्पताललाई बागमती प्रदेशअन्तर्गत राखेपछि प्रदेश सरकारको मातहतमा अस्पताल सञ्चालन हुँदै आएको छ। प्रदेश सरकारको २०७७ फागुन १३ को निर्णयअनुसार यस अस्पताललाई १५ शय्या बढाएर ५० शय्यामा स्तरवृद्धि गरेसँगै अस्पतालले सेवा पनि विस्तार गर्दै गयो। विसं २०८० मा प्रदेश सरकारले अस्पतालको पुनः स्तरवृद्धि गर्दै सय शय्या पुर्याएपछि सेवा विस्तार गरी गुणस्तरीय सेवा प्रवाहमा अब्बल बन्दै माडीको मात्रै नभई पूर्वी चितवनवासीको विश्वास जित्दै आएको छ।

छाला रोगको नेपालकै उत्कष्ट प्रविधिबाट उपचार गर्ने भएपछि यहाँ भरतपुरदेखि काठमाडौँसम्मका बिरामीहरू छालाकै उपचारका लागि आउने गरेका छन्। मध्यम वर्ग र न्यून वर्गका व्यक्तिहरूको निःशुल्क उपचार हुँदै आएको छ। बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापामगरले रत्ननगरको बकुलहर अस्पताललाई गुणस्तरीय सेवा विस्तारसँगै नमूनाको अस्पतालका रूपमा विकास गर्ने लक्ष्यअनुसार अगाडि बढेको बताउनुहुन्छ। दैनिक बिरामीको चाप बढ्दै गएको यस अस्पतालमा उपचारका लागि आउने बिरामीले गुणस्तरीय स्वास्थ्य सेवाको अनुभूति र विश्वास जितेर जान सक्नेगरी विकास गर्दै २०० शय्यामा विस्तार गर्नेगरी सरकार निरन्तर लागिरहेको उहाँ बताउनुहुन्छ।



मन्त्री थापामगरले भन्नुभयो, "अस्पतालमा बिरामीको चाप निकै बढ्दै गएको छ, अस्पतालको भौतिक संरचना, जनशक्ति व्यवस्थापनदेखि उपकरणयुक्त एवं प्रविधिमैत्री बनाउन प्रदेश स्वास्थ्य मन्त्रालय लागिरहेको छ। अस्पतालले नर्सिङ कलेज सञ्चालनका लागि तयारी गरेकाले स्वीकृतिको तयारीमा छौं। यहाँ आउने कोही पनि बिरामी पैसा नभएकै कारण ज्यान गमाउनुपर्ने अवस्थाको अन्त्य गर्नेगरी सेवाप्रवाह भइरहेको छ।"

अस्पतालमा मात्रै नभई बिरामीको सेवा गर्न दुर्गम गाउँमा उपकरणसमेत लिएर गई स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य परीक्षणदेखि निःशुल्क उपचारसम्मको व्यवस्था गरेको उहाँ बताउनुहुन्छ। उहाँले प्रदेशबाट सञ्चालित सबै अस्पताल, आयुर्वेद अस्पतालहरूलाई प्रविधिमैत्री बनाउँदै औषधि उत्पादनसमेत सुरु गरेको बताउनुभयो।

वागमती प्रदेश स्वास्थ्य मन्त्रालयकी सचिव डा सुमित्रा गौतम बागमती प्रदेशको १३ वटै जिल्ला अस्पतालको स्तरोन्नति, विशेषज्ञ सेवाहरू विस्तार, प्रविधिमैत्री, उपकरणमैत्री बनाउनेदेखि शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नेगरी व्यवस्थापनको तयारी गरेको बताउनुहुन्छ।

प्रदेश सरकारले औषधि उत्पादनलाई समेत विस्तार गर्दै लागेको बताउँदै सबै अस्पतालमा डायलायसिस मेसिन सञ्चालन गर्ने, मेमोग्राम मेसिन सञ्चालन गर्ने, मुटु सेवाको उपचार विस्तार गर्ने, प्रत्येक नागरिकलाई स्वास्थ्य सेवाको पहुँच पुर्याउनेगरी मन्त्रालयले सेवा विस्तार गरिरहेको उहाँले बताउनुभयो।

बकुलहर रत्ननगर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा अङ्कुर पौडेलले २०२४ मा स्वास्थ्यचौकीको रूपमा स्थापना भई २०६५ सालमा नेपाल सरकारबाट जिल्ला अस्पतालको मान्यता प्राप्त गरी १५ शय्यामा विस्तार भएको बताउनुहुन्छ। विसं २०७७ मा प्रदेश सरकारले ५० शय्याको प्रादेशिक अस्पतालको रुपमा विस्तार गरेसँगै सेवा विस्तार गर्दै लगेको बताउदै उहाँले २०८० सालमा १०० शय्याको सेकेन्डरी बी लेबलको अस्पतालको रूपमा स्तरोन्नति गरी निरन्तर सेवा प्रवाह गरिरहेको उल्लेख गर्नुभयो।

मेसु डा पौडेल भन्नुहुन्छ, "अस्पतालले ओपिडीतर्फ १० वटा विशेषज्ञ सेवाहरू सञ्चालन गरिरहको छ, १० शय्याको हेमो-डायलायसिस सेवा तीन सिफ्टमा दैनिक ७५ जनासम्म बिरामीलाई सेवा दिइरहेका छौँ, छ शय्या थप गर्ने तयारी भइरहेको छ। पाँच शय्याको आइसीयू सेवालगायत २४ घण्टा आकस्मिक सेवा, अर्थोपेडिक सर्जरी, नेपालका ठूला अस्पतालका भन्दा राम्रा र अत्याधुनिक ल्याब यहाँ रहेको छ।"

प्रत्येक ओपिडीमा टोकन र बिलिङको व्यवस्था रहेको बताउँदै उहाँले अस्पतालमा दैनिक आउने १५ सयसम्म बिरामीहरू र तीमध्ये जनरल फिजिसियनमा आउने ५० प्रतिशत बिरामीलाई हेर्न भौतिक संरचना र दरबन्दी अपुग रहेको बताउनुभयो। हाल अस्पतालको 'ब्लक ए' र 'सी'बाट सेवा सञ्चालन भइरहेको र ब्लक 'बी' निर्माणको अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो। अस्पतालले सस्तो, सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता रहेको भन्दै उहाँले सिटीस्क्यान, मुटुको बिरामीलाई क्याथल्याबको आवश्यकता पर्दामात्रै बिरामीलाई बाहिर पठाउने गरेको र त्यसबाहेक सबै विशेषज्ञ सेवाहरू प्रवाह गर्दै आएको छ।

रोग निको पार्नेमात्र नभई कसरी बिरामीको मन जित्न सकिन्छ भनेर लागिरहेको अस्पतालले सबै डिजिटलाइज गर्नेगरी अगाडि बढाएको छ। अस्पतालले छुट्टै ओपिडी सेवा सञ्चालन गरेको छ भने अटोमेटिक ल्याब मेसिन सञ्चालनमा ल्याएको जनाएको छ।

अस्पतालले अति विशेष सेवा थप गर्दै जाने क्रममा स्वस्थ्य सेवामात्रै नभई शैक्षिक केन्द्रको रूपमा समेत विकास गर्ने लक्ष्य लिएको र नर्सिङ कलेज सञ्चालनको तयारी गरेको जनाएको छ। अस्पतालमा दुईवटा ओटी विस्तार गर्ने, २४ सै घण्टा युरोलोजीदेखि आँखाको सर्जरी सेवा विस्तारको तयारी गरेको उहाँ बताउनुहुन्छ।

अस्पताल सञ्चालन तथा व्यस्थापन समितिका अध्यक्ष गोपालराज कर्माचार्य अस्पताल स्थापना अगाडिको अवस्था सम्झँदै स्वास्थ्यचौकीमा सिटामल लिनमात्रै बिरामी आउने गरेको सम्झानुहुन्छ। स्वास्थ्यचौकीमा सेवा लिन चितवन नै पुग्नुपर्ने बाध्यतालाई अन्त्य गर्न 'हामीले नगरे कसले गर्ने' भन्ने नाराका साथ अस्पताल निर्माणमा जुटेको उहाँ स्मरण गर्नुहुन्छ।

उहाँले भन्नुभयो, "उद्योग वाणिज्य सङ्घको अध्यक्ष हुँदा सङ्घ र रत्ननगर अस्पतालको साझेदारीमा स्वास्थ्यचौकीलाई अस्पताल बनाउने अभियान सुरु गरेका हौं, त्यसपछि भने धान्याञ्चल महायज्ञ लगाएर रु एक करोड ६८ लाख रकम सङ्कलनबाट नयाँ भवन निर्माण गरी अस्पतालमा सेवा विस्तार गर्यौं। अस्पताललाई आजको अवस्थासम्म पुर्याउन स्वीजरल्याण्डको दातृ निकाय शान्ति मेड नेपालको योगदानलाई बिर्सन सकिँदैन।" सो संस्थो नयाँ भवन निर्माण, सम्पूर्ण फर्निचर, प्रविधि र आधुनिक उपकरणका व्यवस्था गरी देशकै उत्कृष्ट छाला रोगको उपचार सुरु गरेपछि धादिङ र गोरखादेखि बिरामी आउने गरेको उहाँ बताउनुहुन्छ।

अस्पतालमा मातृशिशु कक्ष विस्तारका लागि भवन निर्माण भइरहेको छ। उच्चस्तरीय प्रविधि जडित ल्याब सेवा सञ्चालन गरे पनि सिटीस्क्यान नहुँदा त्यसका लागि बिरामीलाई अन्यत्र पठाउनुपर्ने बाध्यता रहेको अध्यक्ष कर्माचार्यको भनाइ छ। विपन्न, अतिविपन्न, सीमान्तकृत व्यक्ति माझी, चेपाङ, चमार, थारू समुदायका बिरामीलाई उपचार खर्च नभएर फर्कनुपर्ने अवस्था नभएको भन्दै उहाँले नगरपालिकाका कोष, स्वास्थ्य बिमा र अन्य स्रोतबाट पैसा नभएका बिरामीको निःशुल्क उचार सेवा प्रदान गर्दै आएको जानकारी दिनुभयो।

यहाँको सेवाले पूर्वी चितवनमात्रै नभई पश्चिम चितवनवासीको मन र विश्वास जित्न सफल भएको बताउँदै मिर्गौलाको बिरामीले राम्रो सेवा पाएको बताउनुहुन्छ अस्पतालका पूर्वअध्यक्ष देवेन्द्रकुमार श्रेष्ठ। अस्पताललाई अझै प्रविधिमैत्री बनाउन केन्द्रीय, प्रदेश र स्थानीय सरकारको सहयोग लिने प्रयास भइरहेको उहाँ बताउनुहुन्छ। अस्पताललाई छाला रोग विषेशज्ञ सेवा प्रदान गर्नमात्र नभई डा रुथले २१ दशमलव छ किलावाटको सौर्य ऊर्जा उत्पादन गरी सोलारबाट हेमोलायलायसिस सेवा सञ्चालन गभएको छ। हाल यहाँ सात जना विशेषज्ञसहित २७ जना कर्मचारीले अनवरत सेवा सञ्चालन गरिरहेका छन्।

तत्कालीन समयमा पूर्वी चितवनमा कुनै अस्पताल नभएको अवस्थामा राजमार्गमा हुने ठूला दुर्घटनामा परेकाहरूको ज्यान बचाउन पनि अस्पताल चाहिन्छ भनेर २०५८ मङ्सिर ४ गते धान्यचल महायज्ञ गरी सङ्कलित रकमबाट भूकम्पीय जोखिमरहित प्रविधिको प्रयोग गरेर २२ हजार वर्गमिटरमा भवन निर्माण गरी स्वास्थ्यचौकीलाई अस्पतालका रूपमा विस्तार गरिएको अस्पतालका संस्थापक अध्यक्ष एवं रत्ननगर नगरपालिकाका पूर्वप्रमुख नारायण वन बताउनुहुन्छ।

# पर्सा पत्रकारको पाँच बुँदे माग

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाको विभेदकारी नीति र पत्रकारमैत्री वातावरण विरोधी गतिविधिप्रति नेपाल पत्रकार महासंघ पर्साले गम्भीर आपत्ति जनाएका छन् । महासंघले तत्काल आफ्ना मागहरू सम्बोधन गर्न माग पनि गरेको छ ।



महानगरले लामो समयदेखि पत्रकारिता र सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउँदै आएका साप्ताहिक पत्रपत्रिकाहरूलाई लोककल्याणकारी सूचना लगायतका सुविधाहरूबाट महानगरपालिकाले वञ्चित गरेको भन्दै त्यसको भुक्तानीको लागि माग गर्दै महानगरका कार्यवाहक प्रमुख इम्तियाज आलमलाई ज्ञापनपत्र बुझाएको हो ।

सञ्चारमाध्यमहरूबीच गरिने यस्तो असमान व्यवहार प्रेस स्वतन्त्रता र सञ्चारमैत्री वातावरणविपरीत रहेको ठहर गर्दै महासंघले यस्ता विभेदकारी निर्णय तत्काल खारेज गर्न जोडदार माग गरेको छ । महानगरपालिकाले आफ्नो कानूनमा ज्येष्ठ पत्रकारहरूको सम्मान र सामाजिक सुरक्षाका लागि पेन्सनको व्यवस्था गरे पनि हालसम्म त्यसको कार्यान्वयन प्रक्रिया समेत सुरु नगरेको महासंघको भनाई छ। कानून निर्माण गरेर पनि त्यसको पालना नगर्नु स्वयं कानूनको उद्देश्यको उपेक्षा भएको महासंघको बुझाइ छ ।

यी बाहेक महानगरले विभिन्न समयमा प्रकाशन तथा प्रसारणका लागि उपलब्ध गराएका सूचनावापत सञ्चारमाध्यमहरूलाई भुक्तानी गर्नुपर्ने रकम २०८० सालदेखि रोकेर राखेको भन्दै त्यसको भुक्तानीको लागि माग गरिएको छ ।

लामो समयदेखि भुक्तानी नहुँदा स्थानीय सञ्चार संस्थाहरू चरम आर्थिक मारमा परेका छन् भने पत्रकारिता पेशा सञ्चालनमा समेत प्रतिकूल प्रभाव परेको ज्ञापनपत्रमा उल्लेख छ । स्थानीय सञ्चार क्षेत्रको विकास र श्रमजीवी पत्रकारहरूको हकहितका लागि महासंघले महानगर समक्ष विभिन्न ५ बुँदे माग अघि सारेको हो ।

आमसञ्चार प्रवर्द्धनसम्बन्धी कानूनमा व्यवस्था गरिएको ज्येष्ठ पत्रकार पेन्सन कार्यक्रम तत्काल कार्यान्वयन गर्न र सञ्चारमाध्यमहरूलाई भुक्तानी गर्न बाँकी रहेको सम्पूर्ण रकम अविलम्ब निकास गर्न पनि महासंघले माग गरेको छ।

# नेपाल–भारत फिल्ड सर्भे टोली बैठक सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारत सीमालाई थप व्यवस्थित, सुरक्षित र स्पष्ट बनाउने उद्देश्यले दुवै देशका उच्च अधिकारीहरूको सहभागितामा नेपाल-भारत सीमा दोस्रो फिल्ड सर्भे टोलीको बैठक जनकपुरधाममा सम्पन्न भएको छ। सीमावर्ती क्षेत्रका समस्या समाधान, सीमा स्तम्भको संरक्षण तथा नयाँ स्तम्भ निर्माणलाई प्राथमिकतामा राख्दै बैठकले महत्वपूर्ण छलफल गरेको छ ।

बैठकमा भारततर्फबाट ईस्ट चम्पारण, वेस्ट चम्पारण, सुपौल, मधुबनी र सीतामढी जिल्लाका अधिकारीहरूको सहभागिता रहेको थियो भने नेपालतर्फबाट धनुषा, महोत्तरी, पर्सा, सिरहा र सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीसहित सम्बन्धित निकायका प्रतिनिधिहरू सहभागी भएका थिए ।

त्यस्तै, दुवै देशका जिल्ला सुरक्षा प्रमुख, नापी कार्यालयका प्रमुख, डिभिजन वन कार्यालयका प्रतिनिधि, पूर्वाधारसम्बन्धी कार्यालयका अधिकारी, सीमा व्यवस्थापनसँग सम्बन्धित विभागीय प्रतिनिधि तथा भारतीय वाणिज्य दूतावासका अधिकारीहरूको समेत उल्लेखनीय उपस्थिति रहेको थियो ।



बैठकमा यसअघि सम्पन्न पहिलो फिल्ड सर्भे टोली बैठकले गरेका निर्णयहरूको कार्यान्वयन अवस्थाबारे विस्तृत समीक्षा गरिएको थियो । विशेषगरी सीमाक्षेत्रमा नयाँ सीमा स्तम्भ निर्माण, पुराना तथा क्षतिग्रस्त स्तम्भहरूको मर्मत-सम्भार, हराएका वा अस्पष्ट बनेका पिलरहरूको पहिचान तथा सीमा सर्वेक्षणको प्रगति विषयमा गहन छलफल भएको थियो ।

सीमावर्ती क्षेत्रमा देखिने विभिन्न प्राविधिक तथा व्यवस्थापकीय चुनौतीलाई समाधान गर्दै सीमा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने विषयमा दुवै पक्ष सकारात्मक देखिएका छन् । बैठकमा आगामी दिनमा नेपाल सरकार र भारत सरकारबीच भएका संयुक्त निर्णय तथा सहमतिअनुसार साझा कार्ययोजना तयार गरी सीमा स्तम्भहरूको संरक्षण, मर्मत तथा व्यवस्थापनलाई तीव्रता दिने समझदारी भएको बताइएको छ ।

छलफलका क्रममा सीमा क्षेत्रमा देखिने प्राकृतिक तथा मानवीय कारणले उत्पन्न समस्याहरू, नदीको बहाव परिवर्तनका कारण सीमा स्तम्भमा पर्ने असर, सीमा क्षेत्रको नियमित अनुगमन तथा प्राविधिक सहकार्यका विषयहरू पनि उठान गरिएको थियो । सर्भे टोलीको पहिलो बैठक भारतको रक्सौलमा सम्पन्न भएको थियो ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलका अनुसार बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको र सीमा व्यवस्थापनलाई थप प्रभावकारी तथा व्यवस्थित बनाउन दुवै देश प्रतिबद्ध रहेको सन्देश दिएको छ । उनका अनुसार सीमा स्तम्भ निर्माण, मर्मत-सम्भार तथा सीमा रेखाको संरक्षणका विषयमा दुवै पक्षबीच सकारात्मक सहमति बनेको छ।

नेपाल-भारतबीचको खुला सीमालाई व्यवस्थित र सुरक्षित राख्न यस्ता संयुक्त बैठकहरू महत्वपूर्ण मानिन्छन् । सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकको हित, सीमा विवाद न्यूनीकरण तथा दुई देशबीचको मित्रवत सम्बन्धलाई अझ सुदृढ बनाउन पनि यस्ता प्राविधिक तथा प्रशासनिक संवादले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

# पाठ्यक्रमलाई समयसापेक्ष बनाइन्छः मन्त्री पोखरेल



सुर्खेत । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालय शिक्षालाई समयसापेक्ष, प्रविधिमैत्री र रोजगारमुखी बनाउन सरकारले प्राथमिकताका साथ काम गरिरहेको बताउनुभएको छ ।

मध्यपश्चिम विश्वविद्यालयको दीक्षान्त समारोहलाई बुधबार सम्बोधन गर्दै मन्त्री पोखरेलले उच्च शिक्षालाई श्रमबजारको मागसँग जोड्ने गरी पाठ्यक्रम परिमार्जन गरिने बताउनुभयो । उहाँले यसका लागि आवश्यक बजेट, पूर्वाधार र दक्ष जनशक्तिको व्यवस्था गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।

"विश्वविद्यालयबाट हासिल हुने शिक्षा केवल प्रमाणपत्रमा मात्र सीमित हुनुहुँदैन, यसले रोजगारी, उद्यमशीलता र सामाजिक रूपान्तरणमा योगदान दिनुपर्छ", उहाँले भन्नुभयो ।

मन्त्री पोखरेलले कर्णालीका प्राकृतिक तथा सांस्कृतिक स्रोतको अध्ययन-अनुसन्धानलाई विश्वविद्यालयले प्राथमिकता दिनुपर्ने धारणा राख्नुभयो । प्रदेशमा उपलब्ध जलस्रोत, वन, जडीबुटी, पर्यटन तथा सांस्कृतिक सम्पदाको वैज्ञानिक अनुसन्धानमार्फत स्थानीय विकास र आर्थिक समृद्धिमा योगदान पुऱ्याउन सकिने उहाँको भनाइ छ ।

मन्त्री पोखरेलले मध्यपश्चिम विश्वविद्यालयलाई कर्णालीको शैक्षिक गौरवका रूपमा चित्रित गर्दै स्थापनायता अनुसन्धानमूलक शिक्षा, खेलकुद, डिजिटल प्रविधि र नवप्रवर्तनका क्षेत्रमा उल्लेखनीय प्रगति गरेको बताउनुभयो ।रासस

# 'सबै जिल्लाका दलित परिवारलाई सामाजिक अन्तरघुलन गराउने प्रयास गर्छौं'

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री खडग राज पौडेल (गनेस)ले सबै जिल्ला दलित परिवारलाई घरबास(होमस्टे)मार्फत सामाजिक अन्तरघुलन गराइने बताउनुभएको छ ।

विनियोजन विधेयक, २०८३ अन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित शीर्षकमाथिको छलफलमा सांसदहरूले उठाएका जिज्ञासाको आज प्रतिनिधिसभामा जवाफ दिँदै उहाँले विगत वर्षमाभन्दा आगामी आर्थिक वर्षमा पर्यटन र संस्कृति क्षेत्रमा बजेट वृद्धि भएको बताउनुभयो ।

"बजेटले विकास सँगसँगै असमानताको अन्त्य गर्नुपर्छ भन्न सोच र धारणा बोकेको हुन्छ", उहाँले भन्नुभयो, "सामाजिक असमनताको अन्त्य गर्ने ध्येय राखेर हामीले मुलुकभरका ७७ वटै जिल्लामा एउटा-एउटा दलित होमस्टे सञ्चालनमा ल्याउने कार्यक्रम समावेश गरेका छौँ ।" मन्त्री पौडेलले दलित होमस्टेले अन्य समुदाय र दलितबीच सामाजिक अन्तरघुलन गराउनसमेत महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा राखेको बताउनुभयो ।

"सरकारी निकायले दलित होमस्टेमा अनिवार्य रूपमा कार्यक्रम गर्नुपर्ने व्यवस्था पनि मिलाएका हौँ", उहाँले भन्नुभयो ।

"पर्यटन मन्त्रालयसँग बजेट तथा कार्यक्रम माग गर्नेको सङ्ख्या निकै उच्च र धेरै रहेको छ । यही मन्त्रालयबाट नै मुलुकको उन्नति र समुन्नति हुने आशा गरेकाले पनि धेरै अपेक्षा र चाहना देखिएको हो", उहाँले थप भन्नुभयो, "यो मन्त्रालय सधैँ उपेक्षामा परेको थियो । सबैका योजना र सबैलाई समेट्ने गरी बजेट ल्याउन निकै कठिन र दुःख हुने गर्छ । यथापि हामीले त्यो काम फत्ते गरेर अघि बढेका छौँ ।" मन्त्री पौडेलले खुसीको खोजीमा पर्यटकका रूपमा विभिन्न स्थानमा पुग्ने गरेको दाबी गर्नुभयो ।



उहाँले भन्नुभयो, "सुखीको खोज गर्ने काम हो । खुसी बेचेर पर्यटनबाट आम्दानी गर्ने हो ।" मन्त्री पौडेलले लुम्बिनी क्षेत्र विकास कोष र पशुपति क्षेत्र विकास कोषमा आन्तरिक रूपमा नै बजेट हुने भएकाले पनि मन्त्रालयले ती कोषमा बजेट विनियोजन नभएको स्पष्टीकरण दिनुभयो ।

मन्त्री पौडेलले समुदायगतमा बजेट विनियोजनमा कुनै पनि विभेद नगरिएको दाबी गर्नुभयो । बौद्ध दर्शन तथा गुम्बा विकास कार्यक्रमले आफ्नोसँग सम्बन्धित काम गर्न लागेको स्पष्ट पार्नुभयो । मन्त्री पौडेलले बहुजातीय र बहुधार्मिक परम्परा र संस्कृति संरक्षणका लागि एकमुष्ट बजेट विनियोजन गरेको दाबी गर्नुभयो ।

मन्त्री पौडेलले सतल र पाटी पालिकास्तरबाटै निर्माण गर्नुपर्नेमा पुरातात्विक महत्त्वका सम्पदा भएकाले राखिएको बताउनुभयो । उहाँले गुम्बा निर्माणका लागि रु पाँच लाख रकम अध्ययन र अन्य कार्यक्रमका लागि छुट्याइएको स्पष्ट पार्नुभयो । मन्त्री पौडेलले रणनीतिक पदयात्रालाई जोड्नका लागि चर्तुभुजीय मोडेलमा अघि बढाउनका लागि बजेट विनियोजन गरेको बताउनुभयो ।

सरकारले पदमार्ग र सांस्कृतिक र ऐतिहासिक सम्पदा संरक्षणका लागि करिब ८२ करोडभन्दा धेरै बजेट विनियोजन गरिएको बताउनुभयो ।

"यहाँहरूले पर्यटन मन्त्रालयसँग रु ६४ अर्बको बजेट माग गर्नुभएको थियो । हामीले समारिक महत्त्व बोकेका क्षेत्रमा मात्रै एकमुष्ट बजेट विनियोजन गरेका छौँ", उहाँले भन्नुभयो, "दुईदेखि पाँच लाखबाट बजेट निर्माणका लागिभन्दा पनि अध्ययनको लागि बजेट विनियोजन भएको हो ।"

मन्त्री पौडेलले संस्कृति र पर्यटन मन्त्रालय मातहत रहेका ११ थरिका पुरस्कार वितरण प्रणालीलाई पनि व्यवस्थित गराउन खोजेको बताउनुभयो । "पुरस्कारलाई व्यवस्थित गराउन खोजेका छौँ", उहाँले भन्नुभयो, "पुरस्कार वितरणको लागि व्यवस्थित खालको कार्यविधि बनाउने खालको पनि योजना छ ।"

मन्त्री पौडेलले आगामी आवको बजेटमा मुलुकका लागि ठूलो योगदान पुऱ्याएका व्यक्तिहरूको निवास पर्यटकीय र अन्य कारणले पनि विशेष महत्त्व राख्ने भएकाले संरक्षण र प्रवर्द्धनका लागि बजेट विनियोजन गरेको स्पष्टिकरण दिनुभयो ।

मन्त्री पौडेलले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई कर्णाली र सुदूरपश्चिम भ्रमण गर्ने विद्यार्थीको लागि शैक्षिक भ्रमणमा अनुदान दिने व्यवस्था गर्न खाजेको बताउनुभयो । "यी दुई प्रदेशको पर्यटन क्षेत्रको विकास र सरंक्षण र प्रवर्द्धनका लागि गरिएको हो", उहाँले भन्नुभयो । आगामी आर्थिक वर्षको बजेटमा मन्त्रालयले विमानस्थलको लागि भन्दा पनि नेपाल नागरिक उड्डयन प्राधिकरणले 'डेडिकेटेड' रूपमा बजेट विनियोजन गर्ने जानकारी गराउनुभयो ।

सरकारले रैथाने पशुपक्षीलाई संरक्षण र प्रवर्द्धन गर्ने नीति लिएको पनि मन्त्री पौडेलले जानकारी दिनुभयो । उहाँले नेपालको हवाई क्षेत्रमा पनि नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) मार्फत सुधारको काम गर्ने दाबी गर्नुभयो । "क्यान एउटा स्वायत संस्थाका रुपमा काम गर्दै आइरहेको छ । यसले नै नेपालका विभिन्न विमानस्थलको व्यवस्थापन र निर्माणको काम गर्दै आइरहेको छ", उहाँले भन्नुभयो, "मन्त्रालयले केही विमानस्थल आयोजना विशेषका लागि मात्रै बजेट विनियोजन गरेको हो । सबै विमानस्थलको लागि भने त क्यानमार्फत नै हुने गर्दछ ।" उहाँले कोशी प्रदेशको पुरातात्विक सम्पदा संरक्षण र प्रवर्द्धनका लागि रु एक करोड ६७ लाख बजेट विनियोजन गरेको बताउनुभयो । रासस

# हिंसामुक्त समाज निर्माण उच्च प्राथमिकतामा छः मन्त्री बादी

काठमाण्डु । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले आगामी आर्थिक वर्षको बजेटमा महिला सशक्तीकरण, लैंगिक समानता र हिंसामुक्त समाज निर्माणलाई उच्च प्राथमिकतामा राखिएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा विनियोजन विधेयकमाथिको छलफलमा उठेका प्रश्नको जवाफदिने क्रममा मन्त्री बादीले हिंसा प्रभावित तथा जोखिममा रहेका महिला र किशोरीको आर्थिक सशक्तीकरणमा जोड दिइएको जानकारी दिनुभयो । उहाँले हिंसा प्रभावित महिलाका लागि सीप विकास, सीप परीक्षण, स्टार्टअप सहयोग र उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरिएको बताउनुभयो ।

सांसदहरूको प्रश्नको जवाफमा उहाँले पार्लेमो प्रोटोकलका साथै समसामयिक मुद्दा सम्बोधन गर्नका लागि मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ लाई समसामयिक संशोधनको प्रक्रिया शुरू गरिसकिएको सुनाउनुभयो । यसैगरी लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यको लागि एकिकृत सेवा परियोजना १२ वटा स्थानीय तहमा सञ्चालन गरिने जानकारी दिनुभयो । मन्त्रालयले मानव विकास सूचकाङ्मा पछाडि परेका १११ वटा स्थानीय तहमार्फत विपन्न महिलाको जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन हुँदै आएको प्रष्ट पार्नुभयो ।

साथै उहाँले मन्त्रालयले प्रदेश र स्थानीय तहसँगको समन्वयमा दलित, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायलाई रोजगार र उद्यमशीलतासम्वन्धी कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो । उहाँले सन्थाल, चिडीमार, डोम, मुसहर, चमार, माझी, बादी, बोटे, विपन्न खस आर्य, मुक्त कम्लहरी, रानाथारु, भोटे, साउका, ब्यास, कुसुन्डा, दनुवार र मुस्लिम समुदाय लक्षित कार्यक्रम सञ्चालनमा जोड दिने बताउनुभयो ।



एशियाली विकास बैंकसँगको सहकार्यमा महिला समुत्थान कार्यक्रमअन्तर्गत मधेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा १५ वटा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको मन्त्री यादवले जानकारी दिनुभयो ।

मन्त्री वादीकाअनुसार सडक सञ्जाल नपुगेका हिमाली तथा दुर्गम पहाडी क्षेत्रका ४८ जिल्लाका २५२ स्थानीय तहमा ज्यान जोखिममा रहेका गर्भवती र सुत्केरी महिला तथा नवजात शिशुको हवाई उद्धार कार्यलाई मन्त्रालयले उच्च प्राथमिकताका साथ निरन्तरता दिएको उल्लेख गर्नुभयो । उहाँले आव २०७६/७७ देखि हालसम्म ९३२ जना गर्भवती र सुत्केरी महिला तथा नवजात शिशुले हवाई उद्धारमार्फत सेवा प्राप्त गरिसकेको जानकारी दिनुभयो ।

सन् २०३० भित्र नेपाललाई बालविवाह मुक्त देश बनाउने गरी तीनै तहका सरकार र नागरिक समाजलगायत सरोकारवालाको सहकार्यमा निरन्तर अभियान सञ्चालन गरिने मन्त्रालयको भावी योजना छ । बालसुधार गृहको व्यवस्थापन प्रभावकारी बनाउने गरी बालबालिकासम्बन्धी ऐन संशोधनको प्रक्रिया अगाडि बढाइसकिएको मन्त्री बादीले जानकारी दिनुभयो । त्यसैगरी हाल सञ्चालनमा रहेका ३८२ वटा बाल गृहलाई नियमन गरी मापदण्ड बमोजिम सञ्चालनको सुनिश्चितता गर्ने मन्त्रालयको प्राथमिकतामा रहेको उहाँको कथन छ ।

त्यसैगरी अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वर्द्धन गर्दै सम्मानजनक, आत्मनिर्भर एवम् मर्यादित जीवनयापनका लागि आवश्यक अवसर र सेवामा पहुँच सुनिश्चित गर्ने नीति अवलम्बन गरिएको मन्त्री बादीले सुनाउनुभयो ।रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गरुडा, रौतहटको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०३/०४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०८ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/०२/०६ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८२/०९/०८ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा कसैको पनि बोलपत्र प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो १५ दिने यो सूचना प्रकाशित गरिएको छ । अतः तोकिएको समयावधिभित्र इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

### तपसिल

**ऋणीको विवरण**

किसुनी रायको नाति, असर्फी राय यादवको छोरा, रौतहट जिल्ला, साविक गेडहीगुठी न.पा./गा.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बस्ने **जगरनाथ राय यादव** (ना.प्र.नं. १०८६, जारी मिति २०५०/१०/०७, जि.प्र.का. रौतहट) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. किसुनी रायको बुहारी, असर्फी राय यादवको पत्नी, रौतहट जिल्ला, साविक गेडहीगुठी न.पा./गा.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बस्ने **जगीया देवी यादव** (ना.प्र.नं. २६४३, जारी मिति २०३६/०३/११, जि.प्र.का. रौतहट) । | २. असर्फी राय यादवको बुहारी, विरचत राय यादवको पत्नी, रौतहट जिल्ला, साविक गेडहीगुठी न.पा./गा.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बस्ने **रविता कुमारी यादव** (ना.प्र.नं. ३२१०९५/५३६९, जारी मिति २०७५/०९/२३, जि.प्र.का. रौतहट) । |

३. असर्फी राय यादवको बुहारी, जगरनाथ राय यादवको पत्नी, रौतहट जिल्ला, साविक गेडहीगुठी न.पा./गा.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ बस्ने **गिता देवी यादव** (ना.प्र.नं. ५०२०, जारी मिति २०५८/१२/०६, जि.प्र.का. रौतहट) ।

**धितोको विवरण**

जगरनाथ राय यादव (ना.प्र.नं. १०८६, जारी मिति २०५०/१०/०७, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक गरुडा बैरिया गा.वि.स./न.पा. वडा नं. ९ स्थित कि.नं. ६९९ क्षेत्रफल ०-१-५ (विघा) बमोजिमको जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०३/१८ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय गरुडा, रौतहटमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०३/१९ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय गरुडा, रौतहटमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शूल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय गरुडा, रौतहटमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : गरुडा, रौतहट
फोन नं. ०५५-५६५४३५
Website: www.siddharthabank.com

# लक्ष्मिनियाले ल्याए ४५ करोड बढीको बजेट



**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक वर्ष २०८३/०८४ का लागि धनुषाको लक्ष्मीनिया गाउँपालिकाले १५ औं रु ४५ करोड ७४ लाख २४ हजार ४५० बराबरको बजेट प्रस्तुत गरेका हुन् ।

बुधवार आयोजित गाउँसभा अधिवेशनमा नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गरिएको छ । गाउँपालिका अध्यक्ष भोगेन्द्र मिश्रले गाउँसभामा आगामी आर्थिक वर्षका लागि गाउँसभामा प्रस्तुत बजेट तथा कार्यक्रमका लागि आवश्यक स्रोत व्यवस्थापनको योजना समेत सार्वजनिक गरेको हो ।

गाउँपालिका अध्यक्ष मिश्रले बजेटलाई समावेशी, विकासमुखी र जनमुखी बनाउने लक्ष्यसहित विभिन्न क्षेत्रगत प्राथमिकता निर्धारण गरिएको बताए। प्रस्तावित बजेट अनुसार आर्थिक विकासतर्फ २० प्रतिशत, सामाजिक विकासतर्फ २० प्रतिशत, पूर्वाधार विकासतर्फ ४५ प्रतिशत, वातावरण तथा विपद् व्यवस्थापनतर्फ ५ प्रतिशत तथा सेवा प्रवाह र सुशासनतर्फ १० प्रतिशत बजेट विनियोजन गरिएको छ।

यस बजेटमा पूर्वाधार विकासलाई सबैभन्दा बढी प्राथमिकता दिइएको छ। गाउँपालिकाले सडक सञ्जाल विस्तार, ढल तथा नाला निर्माण, खानेपानी सुविधा विस्तार, शैक्षिक तथा स्वास्थ्य पूर्वाधार निर्माणलगायतका योजनालाई मुख्य प्राथमिकतामा राखेको जनाएको छ।

त्यसैगरी कृषि आधुनिकीकरण, स्वरोजगार प्रवर्द्धन, शिक्षा सुधार, स्वास्थ्य सेवा सुदृढीकरण, महिला सशक्तीकरण, युवा लक्षित कार्यक्रम तथा सामाजिक सुरक्षा क्षेत्रलाई समेत बजेटमार्फत समेटिएको गाउँपालिकाले जनाएको छ।

गाउँपालिका अध्यक्ष मिश्रले प्रस्तुत बजेटले गाउँपालिकाको समग्र विकास, सेवा प्रवाहमा सुधार, सुशासन प्रवर्द्धन तथा स्थानीय नागरिकको जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । गाउँसभामा जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, सुरक्षाकर्मी, सञ्चारकर्मी तथा स्थानीय अगुवाहरूको सहभागिता रहेको थियो।

# मधेशको बजेट खर्च २१.२४ प्रतिशत मात्र

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको बजेट कार्यान्वयन गति चालु आर्थिक वर्षमा निकै सुस्त देखिएको छ। आर्थिक वर्ष २०८२/८३ को ११ महिना बितिसक्दा पनि प्रदेश सरकारले कुल विनियोजित बजेटको केवल २१.२४ प्रतिशत मात्रै खर्च गर्न सकेको छ।

चालु खर्चतर्फ केही प्रगति देखिए पनि विकास निर्माणसँग प्रत्यक्ष जोडिएको पूँजीगत खर्च भने अपेक्षाभन्दा निकै कम रहेकाले आलोचना बढन थालेको छ।

कोष तथा लेखा नियन्त्रक कार्यालय ले सार्वजनिक गरेको विवरण अनुसार चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो। यसमध्ये ३१ अर्ब ३३ करोड ९६ लाख २९ हजार १८० रुपैयाँ पूँजीगत बजेट रहेकोमा जेठ मसान्तसम्म ४ अर्ब ३१ करोड ३४ लाख ७ सय ७२ रुपैयाँ मात्रै खर्च भएको छ। प्रतिशतका आधारमा हेर्दा पूँजीगत खर्च १३.७६ प्रतिशत मात्र पुगेको छ।

त्यस्तै, १५ अर्ब ६४ करोड ३७ लाख २१ हजार ८२० रुपैयाँ चालु बजेट मध्ये प्रदेश सरकारले ५ अर्ब ६६ करोड ६६ लाख ५३ हजार ३५२ रुपैयाँ खर्च गरेको छ, जुन कुल चालु बजेटको ३६.२२ प्रतिशत हो।




प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेशका सूचना अधिकारी निरेन्द्रलाल कर्ण का अनुसार मन्त्रालयगत खर्चको तुलनामा अर्थ मन्त्रालय सबैभन्दा अगाडि देखिएको छ। उक्त मन्त्रालयले आफ्नो बजेटको ४७.६३ प्रतिशत खर्च गरेको छ। विपरीत रूपमा खेलकुद तथा समाज कल्याण मन्त्रालय सबैभन्दा पछाडि रहेको छ, जसले कुल बजेटको ५.५७ प्रतिशत मात्रै खर्च गर्न सकेको छ।

प्रदेश सरकारले बजेट ल्याउँदा सबैभन्दा ठूलो हिस्सा भौतिक पूर्वाधार विकास मन्त्रालय लाई दिएको थियो। उक्त मन्त्रालयका लागि १६ अर्ब ५८ करोड ७० लाख ८४ हजार ७३८ रुपैयाँ पूँजीगत बजेट छुट्याइएको थियो। तर हालसम्म मन्त्रालयले ३ अर्ब ३३ करोड १० लाख ४५ हजार ३६१ रुपैयाँ अर्थात १९.६२ प्रतिशत मात्र खर्च गर्न सकेको छ।

यस्तै, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय का लागि विनियोजित ३ अर्ब ८७ करोड ६६ लाख ८८ हजार रुपैयाँ पूँजीगत बजेटमध्ये ३५ करोड ४७ लाख ७७ हजार १३ रुपैयाँ खर्च भएको छ, जुन ९.१५ प्रतिशत हो।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय ले २ अर्ब ६५ करोड २८ लाख ८१ हजार रुपैयाँ पूँजीगत बजेटमध्ये ६ करोड ५६ लाख ३७ हजार २३१ रुपैयाँ खर्च गर्दै २.४२ प्रतिशत प्रगति हासिल गरेको छ।

त्यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई विनियोजन गरिएको २ अर्ब २१ करोड ९२ लाख ५९ हजार १८० रुपैयाँ पूँजीगत बजेटमध्ये १० करोड ९६ लाख ३८ हजार ५२२ रुपैयाँ मात्र खर्च भएको छ, जुन ४.९४ प्रतिशत बराबर हो।

अन्य मन्त्रालयहरूको पूँजीगत खर्च पनि उत्साहजनक देखिएको छैन। शिक्षा तथा संस्कृति मन्त्रालय ले ५.४२ प्रतिशत, खेलकुद तथा समाज कल्याण मन्त्रालय ले ०.५८ प्रतिशत, वन तथा वातावरण मन्त्रालय ले १९.२८ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ले १४.३४ प्रतिशत, गृह, सञ्चार तथा कानुन मन्त्रालय ले १३.२३ प्रतिशत, श्रम तथा यातायात मन्त्रालय ले ९.५४ प्रतिशत तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ले ११.६४ प्रतिशत पूँजीगत बजेट खर्च गरेका छन्।

संवैधानिक तथा अन्य निकायहरूको खर्च अवस्था भने तुलनात्मक रूपमा राम्रो देखिएको छ। मधेश प्रदेशसभा ले कुल बजेटको ४५.१७ प्रतिशत, प्रदेश लोकसेवा आयोग ले ६९.७६५ प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालय ले ४९.७२ प्रतिशत र प्रदेश नीति तथा योजना आयोग ले ४१.५३ प्रतिशत बजेट खर्च गरेका छन्।

बजेट खर्च सुस्त भएको विषयमा प्रदेश सरकारको तर्फबाट भने फरक व्याख्या गरिएको छ। अर्थमन्त्री युवराज भट्टराई ले जनमत (जेनजी) आन्दोलन तथा निर्वाचन प्रक्रियाका कारण बजेट कार्यान्वयन ढिला भएको बताएका छन्। साथै अधिकांश विकास आयोजना टेन्डर प्रक्रियामार्फत सञ्चालन भइरहेकाले धेरै योजनाको भुक्तानी हुन बाँकी रहेको र त्यसकै कारण पूँजीगत खर्च कम देखिएको उनको भनाइ छ।

अर्थमन्त्री भट्टराईले आर्थिक वर्षको अन्त्यसम्म खर्चको दर उल्लेखनीय रूपमा बढ्ने दाबी गर्दै असार मसान्तसम्म कुल बजेट खर्च ६० प्रतिशतको हाराहारीमा पुग्ने विश्वास व्यक्त गरेका छन्।

११ महिना बित्दा पनि बजेट खर्चको अवस्था अपेक्षाभन्दा निकै कमजोर देखिएपछि प्रदेश सरकारको कार्यक्षमता, योजना कार्यान्वयन र विकास बजेट परिचालनको प्रभावकारितामाथि प्रश्न उठ्न थालेको छ। अब आर्थिक वर्षको अन्तिम महिनामा सरकारले कति गति समात्छ भन्ने चासो सर्वत्र बढेको छ।

# मटिहानी नगरपालिकाको बजेट ४७ करोड बढी

**टुडे समाचारदाता**

जलेश्वर । आर्थिक वर्ष २०८३/०८४ का लागि मटिहानी नगरपालिकाले ४७ करोड ४५ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ।

नगरपालिकाको १७ औं नगरसभाको खुला अधिवेशनमा नगर प्रमुख हरिप्रसाद मण्डलले नीति तथा कार्यक्रमसहित उक्त बजेट प्रस्तुत गरेको हो।

प्रस्तुत बजेट अनुसार राजस्व बाँडफाँटबाट १० करोड ५७ लाख रुपैयाँ, सङ्घीय सरकारबाट २८ करोड ८८ लाख रुपैयाँ, प्रदेश सरकारबाट एक करोड ४९ लाख ९५ हजार रुपैयाँ तथा आन्तरिक स्रोतबाट छ करोड ५६ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

बजेट प्रस्तुत गर्दै नगर प्रमुख मण्डलले कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तर्जुमा गरिएको बताए । उनले मटिहानीको धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्वलाई संरक्षण र प्रवर्द्धन गर्दै नगरको समग्र विकासलाई अघि बढाइने जानकारी दिए।

उनले कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरण, व्यावसायिक खेती विस्तार तथा युवालाई कृषि उद्यममा आकर्षित गर्ने कार्यक्रम सञ्चालन गरिने बताउँदै उद्योग तथा वाणिज्य क्षेत्रको प्रवर्द्धनका



लागि सीपमूलक तालिम तथा उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरिनेछ भने।

पर्यटन क्षेत्रको विकासका लागि मटिहानी मठलाई विश्व सम्पदा सूचीमा समावेश गराउन पहल गरिनुका साथै नगरभित्र रहेका पोखरी, जलाशय तथा धार्मिक स्थलहरूको संरक्षण र सौन्दर्यीकरण गरिनेछ। नगरपालिकाले आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढाउन मठ, मन्दिर तथा मस्जिदलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने नीति लिएको छ।

शिक्षा क्षेत्रतर्फ मैथिली भाषा, साहित्य तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि सामुदायिक विद्यालयको कक्षा १ देखि ८ सम्म मैथिली विषयलाई एक सय पूर्णाङ्कका साथ पाठ्यक्रममा समावेश गरिने भएको छ । साथै माध्यमिक तहका विद्यालयहरूबीच विज्ञान प्रदर्शनी मेला आयोजना गरिनेछ।

विद्यार्थीको सूचना प्रविधिमा पहुँच विस्तार गर्न जोडकोषमार्फत ल्यापटप वितरण, कक्षा ११ मा अध्ययनरत छात्रालाई निःशुल्क साइकल वितरण तथा दलित, विपन्न, गरिब, अपाङ्गता भएका, असहाय र सहिद परिवारका जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइने कार्यक्रम पनि बजेटमा समेटिएको छ।

यस्तै स्वास्थ्य क्षेत्रतर्फ बर्थिङ सेन्टरबाट रेफर भएका गर्भवती महिलाका लागि जनकपुरसम्म निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ। साथै गर्भवती महिलाका लागि निःशुल्क अल्ट्रासाउन्ड सेवा तथा आयुर्वेद र परम्परागत चिकित्सा प्रणालीको विकासका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

# संघीयता कार्यान्वयनमा संचारकर्मीको भूमिका महत्वपूर्ण

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीयताको प्रभावकारी कार्यान्वयनका लागि सञ्चारकर्मीको भूमिका महत्वपूर्ण रहेको कुरामा जोड दिइएको छ।

मधेश प्रदेशको आमसञ्चार प्राधिकरणले बुधवार आयोजना गरेको 'संघीयता सबलीकरणबारे समाचार लेखन' विषयक दुई दिने आवासीय कार्यक्रममा वक्ताहरूले संघीयता नेपालको लोकतान्त्रिक उपलब्धि भएको उल्लेख गर्दै यसको प्रभावकारी कार्यान्वयनका लागि सञ्चारकर्मीको भूमिका महत्वपूर्ण रहेको बताएका हुन्।

कार्यक्रममा मधेश प्रदेश सरकारकी श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले पत्रकारलाई लोकतन्त्रका निस्वार्थ पहरेदारको संज्ञा दिँदै सत्य र तथ्यमा आधारित समाचार सम्प्रेषण गर्न आग्रह गरेका थिइन।

मन्त्री थापाले संघीयताले महिला, बालबालिका तथा पछाडि पारिएका समुदायलाई अधिकारको पहुँचमा ल्याएको उल्लेख गर्दै नेपालमा संघीय व्यवस्था थप सुदृढ हुनुपर्ने धारणा राखिन्। 'आज महिलाले नेतृत्व गर्न पाएका छन्, श्रम गरेर परिवार चलाइरहेका छन्, आफ्नो अधिकारका लागि खुलेर बोल्न सकेका छन् भने त्यसमा संघीयताको पनि ठूलो योगदान छ,' उनले भनिन्।

कार्यक्रममा प्रशिक्षक प्राध्यापक खिमलाल देवकोटा र सञ्चारविद् भोगेन्द्र झाले संघीयताको अवधारणा, यसको विकासक्रम तथा संघीय शासन व्यवस्थामा सञ्चारमाध्यमको भूमिकाबारे सहजीकरण गरेका थिए। उनीहरूले संघीयता सम्बन्धी विषयलाई तथ्य, प्रमाण र जनसरोकारसँग जोडेर समाचार लेख्नुपर्नेमा जोड दिएका थिए।

आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्गाले सञ्चार क्षेत्रको संस्थागत विकास तथा पत्रकारको क्षमता अभिवृद्धिका लागि प्राधिकरण निरन्तर सक्रिय रहेको बताए। सीमित स्रोतसाधनका बाबजुद पत्रकारलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम सञ्चालन गरिएको उनको भनाइ थियो।



दुई दिनसम्म सञ्चालन हुने कार्यक्रममा मधेश प्रदेशका विभिन्न जिल्लाबाट सहभागी सञ्चारकर्मीलाई संघीय शासन व्यवस्था, संवैधानिक अधिकार, प्रदेश र स्थानीय सरकारको भूमिका तथा संघीयतासँग सम्बन्धित विषयमा समाचार लेखनका व्यावहारिक पक्षबारे प्रशिक्षण दिइने छ।

# बाँडफाँड गरियो रासायनिक मल

**टुडे समाचारदाता**

जनकपुरधाम। धान रोपाइँको मौसम सुरु भइसकेपछि किसानले रासायनिक मल सहज रूपमा नपाएको गुनासो बढिरहेका बेला मधेश प्रदेश सरकारले मल वितरणलाई व्यवस्थित बनाउन आवश्यक परिमाणको बाँडफाँड गरेको छ। वर्षे धान खेतीलाई केन्द्रमा राख्दै प्रदेश सरकारले युरिया र डिएपी मल प्रदेशका सबै स्थानीय तहसम्म पुऱ्याउने तयारी गरेको जनाएको छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको प्रदेश मल समितिले जेठ २७ गतेको निर्णयअनुसार प्रदेशभरका १३६ वटै स्थानीय तहका लागि कुल ७ हजार ३२८ मेट्रिक टन युरिया र ६ हजार ६१० मेट्रिक टन डिएपी मल वितरणका लागि छुट्याएको हो।

मन्त्रालयका अनुसार कृषि सामग्री कम्पनी लिमिटेड मार्फत युरिया र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड मार्फत डिएपी मल वितरण गरिनेछ । प्रदेशका किसानसम्म मल उपलब्ध गराउन जिल्लागत आवश्यकतालाई आधार बनाएर




परिमाण निर्धारण गरिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका प्रवक्ता मनिष कुमार पालका अनुसार सप्तरीका १८ स्थानीय तहका लागि ९७५ मेट्रिक टन युरिया र १ हजार ३५ मेट्रिक टन डिएपी छुट्याइएको छ । त्यस्तै, सिरहाका स्थानीय तहहरूले १ हजार ७२ मेट्रिक टन युरिया र १ हजार १३७ मेट्रिक टन डिएपी प्राप्त गर्नेछन्।

धान उत्पादनका दृष्टिले महत्वपूर्ण मानिने धनुषाका स्थानीय तहका लागि ९२६ मेट्रिक टन युरिया तथा ७७८ मेट्रिक टन डिएपी विनियोजन गरिएको छ भने महोत्तरीका स्थानीय तहहरूका लागि ८८० मेट्रिक टन युरिया र ७४० मेट्रिक टन डिएपी बाँडफाँड गरिएको छ।

> धान उत्पादनका दृष्टिले महत्वपूर्ण मानिने धनुषाका स्थानीय तहका लागि ९२६ मेट्रिक टन युरिया तथा ७७८ मेट्रिक टन डिएपी विनियोजन गरिएको छ भने महोत्तरीका स्थानीय तहहरूका लागि ८८० मेट्रिक टन युरिया र ७४० मेट्रिक टन डिएपी बाँडफाँड गरिएको छ ।

यस्तै, सर्लाहीका स्थानीय तहलाई १ हजार ९३ मेट्रिक टन युरिया र ९१९ मेट्रिक टन डिएपी उपलब्ध गराइनेछ। रौतहटका लागि ८७५ मेट्रिक टन युरिया तथा ७३६ मेट्रिक टन डिएपी छुट्याइएको छ भने बाराका स्थानीय तहहरूले ८१९ मेट्रिक टन युरिया र ६८९ मेट्रिक टन डिएपी पाउनेछन्।

पर्सा जिल्लाका स्थानीय तहका लागि भने ६८७ मेट्रिक टन युरिया र ५७८ मेट्रिक टन डिएपी मलको कोटा निर्धारण गरिएको मन्त्रालयले जनाएको छ।

धान रोपाइँको व्यस्त समयमा मल अभावको चर्चा भइरहेका बीच प्रदेश सरकारले जिल्लागत आवश्यकताअनुसार मलको परिमाण निर्धारण गरी वितरण प्रक्रिया अघि बढाएको हो। अब किसानको मुख्य चासो भनेको तोकिएको मल समयमै स्थानीय तहसम्म पुगेर सहज रूपमा उपलब्ध हुन्छ कि हुँदैन भन्नेमा केन्द्रित रहेको देखिन्छ। तर आवश्यकता अनुसार ती मल पर्याप्त नभएको गुनासो पनि आइरहेको छ।

# ट्राफिक जनचेतनामूलक सप्ताह शुभारम्भ

**टुडे समाचारदाता**

जनकपुरधाम । बढ्दो सवारी चापसँगै सडक दुर्घटनाका घटनाहरू पनि निरन्तर बढ्न थालेपछि धनुषामा सडक सुरक्षा र ट्राफिक अनुशासनबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले 'ट्राफिक जनचेतनामूलक सप्ताह-२०८३' भव्य रूपमा सुरु गरिएको छ।

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाको संयुक्त आयोजनामा सुरु भएको सप्ताहव्यापी अभियानले चालक, सह-चालक, पैदलयात्री तथा आम नागरिकलाई सुरक्षित सडक प्रयोग र ट्राफिक नियमको पालनाप्रति सचेत बनाउने लक्ष्य लिएको छ।

सप्ताहको शुभारम्भ बुधबार बिहान रामानन्द चोकबाट निकालिएको प्रभातफेरीसँगै भएको थियो। प्रभातफेरी अस्पताल रोड, जानकी मन्दिर र भैरव चोक हुँदै महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्रको सभाहलमा पुगेर उद्घाटन समारोहमा परिणत भएको थियो।

उद्घाटन समारोहमा मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महत्तो प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए भने नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बाराका प्रहरी उपरीक्षक ज्ञानेन्द्र बहादुर बस्नेत ले कार्यक्रमको अध्यक्षता गरेका थिए।

कार्यक्रममा सुरक्षा निकायका प्रमुखहरू, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू, बैंक तथा वित्तीय संस्थाका पदाधिकारी, शैक्षिक संस्थाका प्रतिनिधि, नागरिक समाजका अगुवा, समाजसेवी, बुद्धिजीवी, सञ्चारकर्मी, सुरक्षाकर्मी, नगर प्रहरी, विभिन्न क्लबका पदाधिकारी तथा विद्यार्थीहरू गरी ६ सयभन्दा बढी व्यक्तिको उल्लेखनीय उपस्थिति रहेको थियो।

समारोहलाई थप आकर्षक बनाउँदै



मोनाष्टिक विद्यालयका विद्यार्थीहरूले सांस्कृतिक नृत्य प्रस्तुत गरेका थिए, जसले सहभागीहरूको मन जितेको थियो।

सो अवसरमा धनुषा जिल्लामा आधुनिक र व्यवस्थित ट्राफिक व्यवस्थापन तथा दुर्घटना न्यूनीकरणमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई सम्मानसमेत गरिएको थियो । विशेषगरी ट्राफिक प्रहरीको पूर्वाधार विकासका लागि आवश्यक जग्गा उपलब्ध गराउन सहयोग पुऱ्याएका धनुषाधाम नगरपालिका-९ का वडाध्यक्ष सुरज कुमार लामा लगायतलाई कदरपत्र प्रदान गरी सम्मान गरिएको थियो।

कार्यक्रमको सञ्चालन जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक सूर्य बहादुर शाहीले गरेका थिए। असार ३ गतेदेखि असार ९ गतेसम्म सञ्चालन हुने सप्ताहव्यापी अभियान अन्तर्गत नियमित ट्राफिक चेकजाँचसँगै सवारी साधनहरूको मेकानिकल परीक्षण, विद्यार्थीलाई ट्राफिक स्वयंसेवकका रूपमा परिचालन, चालक तथा सह-चालकहरूको निःशुल्क स्वास्थ्य परीक्षण, लागूऔषध सेवन परीक्षण, ट्राफिक सचेतनामूलक जिङ्गल प्रसारण, विद्यार्थीहरूलाई ट्राफिक नियमसम्बन्धी प्रशिक्षण, सडक प्रयोगकर्ता निर्देशिका वितरण, खुला रक्तदान कार्यक्रम तथा जनचेतनामूलक पर्चा-पम्प्लेट वितरण लगायतका विविध कार्यक्रम सञ्चालन गरिनेछन्।

"ट्राफिक नियमको पालना गरौं, सुरक्षित यात्राको सुनिश्चितता गरौं" भन्ने मूल नारासहित सुरु भएको यो अभियानले सडक सुरक्षाप्रति जनस्तरमा सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा गरिएको छ।

सन्तुलित जनसंख्या: विकासको अधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्याव्यवस्थापनसम्बन्धीसचेतनाअभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिकसमानतारमहिलासशक्तिकरणलाईप्रवर्द्धन गरौं,
- शिक्षा,स्वास्थ्य, क्षमताविकास र रोजगारीमा जोड दिऔं।

स्वस्थ, शिक्षित र समृद्धि समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८